## व्यवसायिक कृषि ऋणको लागि व्याज अनुदान वितरण कार्यक्रम संचालन कार्यबिधि, २०७६

<u>प्रस्तावना:</u> कृषि तथा पशुपन्छी क्षेत्रमा आधुनिकीकरण, विविधिकरण तथा व्यवसायीकरण मार्फत स्वरोजगारी वृद्धि गरी दिगो एवं आत्मनिर्भर बनाउन कृषकहरुलाई सहज, सरल र सुलभ वित्तिय पहुँच पुऱ्याई कृषि ऋणमा व्याज अनुदान उपलब्ध गराउन बाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद-१
### <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम, प्रारम्भ:</u> (१) यस कार्यबिधिको नाम "व्यवसायिक कृषि ऋणको लागि व्याज अनुदान वितरण कार्यक्रम संचालन कार्यबिधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. <u>परिभाषा:</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

क) "आवेदक" भन्नाले व्यवसायिक कृषि ऋणको लागि व्याज अनुदान वितरण कार्यक्रममा सहभागी हुन ईच्छुक भई प्रस्ताव पेश गर्ने फर्म, कम्पनी, कृषक समूह र कृषि सहकारी संस्थालाई सम्झनुपर्छ ।

ख) "ऋण प्रवाह गर्ने संस्था" भन्नाले नेपाल राष्ट्र बैंकबाट बित्तिय कारोबार गर्न इजाजत प्राप्त बैंक वा सहकारी संस्था सम्झनुपर्छ ।

ग) "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय वा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनुपर्छ ।

घ) "स्थानीय तह" भन्नाले गाउँपालिका र नगरपालिका सम्झनु पर्छ र सो शब्दले उपमहानगरपालिका र महानगरपालिका समेतलाई जनाउँछ ।

ङ) "फर्म वा कम्पनी" भन्नाले प्रचलित कानुन बमोजिम सम्बन्धित निकायमा दर्ता भई संचालनमा रहेका फर्म वा कम्पनी सम्झनुपर्छ ।

च) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनुपर्छ ।

छ) "मूल्याङ्कन तथा छनौट समिति" भन्नाले दफा १० बमोजिमको समिति सम्झनुपर्छ ।

ज) "ज्ञान केन्द्र वा विज्ञ केन्द्र" भन्नाले जिल्ला स्थित कृषि ज्ञान केन्द्र वा भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र सम्झनुपर्छ ।

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश पोखरा

## परिच्छेद-२

## कार्यक्रम संचालनको उद्देश्य

३.**उद्देश्य:** यो कार्यक्रम संचालनको उद्देश्यहरु देहाय बमोजिम रहेका छन:-

(क) कृषकलाई सहज, सरल र सुलभ वित्तिय पहुँचको सुनिश्चितता गर्ने ।

(ख) यूवावर्गलाई कृषि पेशामा आकर्षित गरी रोजगारी तथा आय आर्जनमा बृद्धि गर्न व्यवसायिक कृषि ऋणमा व्याज अनुदान उपलब्ध गराउने ।

(ग) कृषिमा लगानी बृद्धि गरि आधुनिकीकरण, विविधिकरण तथा व्यवसायीकरणमा जोड दिने।

## परिच्छेद-३

## कार्यक्रम संचालन सम्बन्धी व्यवस्था

४. **कार्यक्रम संचालन प्रक्रिया:** (१) यो कार्यक्रम मन्त्रालयबाट संचालन हुनेछ । यसको सहजिकरण व्यवसायको प्रकृति अनुसार ज्ञान केन्द्र वा विज्ञ केन्द्र मार्फत हुनेछ।

(२) अनुसुची ७ बमोजिमको व्यवसाय गर्ने आवेदकलाई प्रतिस्पर्धाका आधारमा छनौट गरी कम्तीमा ५ लाख रुपैया देखी र बढीमा पचास लाख रुपैया सम्मको कृषि ऋणमा दफा ११ को उपदफा (२) बमोजिम व्याजमा अनुदान उपलब्ध गराइनेछ ।

(३) उपदफा २ बमोजिमको व्याज अनुदान एक वर्षका लागि उपलब्ध गराइनेछ।

(४) यस प्रकृतिको सुविधा प्राप्त गरिसकेको आवेदक वा सोही व्यवसायको लागी कुनै पनि निकायवाट अनुदान प्राप्त गरिसकेको आवेदकलाई दोहोरो सुविधा हुनेगरी व्याज अनुदान उपलब्ध गराईने छैन ।

(५) व्याज अनुदान कार्यक्रम सूचना प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

५. **सूचना प्रकाशन:**(१) मन्त्रालयले कार्यक्रम संचालनको लागि अनुसुची-१ बमोजिमको सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भएपछि इच्छुक आवेदकले तोकिएको समयभित्र अनुसुची २ बमोजिमको कागजातहरू तथा अनुसुची ३ बमोजिमको व्यवसायिक योजना सहितको प्रस्ताव संलग्न राखी दर्ता गर्नुपर्नेछ ।

(३) उपदफा (२) को प्रस्तावसाथ अनुसूची ५ बमोजिमको ब्याजदर खुलेको ऋण प्रवाह गर्ने संस्थाको प्रतिबद्धता पत्र समेत पेश गर्नु पर्नेछ ।

६. **प्रस्ताव मुल्याङ्कन, छनौट र सम्झौता:** (१) दर्ता भएका प्रस्तावहरु मूल्याङ्कन तथा छनौट समितिले अनुसुची ४ मा तोकिएको मुल्याङ्कन मापदण्डका आधारमा मूल्याङ्कन गर्नेछ ।

(२) मुल्याङ्कन गर्दा बढी अंक प्राप्त गर्ने प्रस्तावहरू बरियताक्रमका आधारमा स्वीकृत बजेटको परिधि भित्र रहि छनौट गरिनेछ ।



प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश पोखरा

(३) छनौट भएका आवेदकसँग मन्त्रालयले अनुसुची ६ बमोजिम सम्झौता गर्नेछ ।

(४) छनौट भएका आवेदकले मन्त्रालयले तोकेको अवधिभित्र सम्झौता गर्न नआएमा वा सम्झौता गरी सम्झौता अनुरुप कार्य नगरेमा तुरुन्त रद्द गरि वैकल्पिक प्रस्तावकलाई छनौट् गर्न सक्नेछ ।

७. <u>ऋण प्रवाह गर्ने संस्थाको छनौट र ऋण प्रवाह:</u>(१) कृषि ऋण प्रवाह गर्ने संस्थाको छनौट गर्ने अधिकार स्वयं आवेदकलाई हुनेछ ।

(२) ऋण प्रवाहको प्रक्रिया सम्बन्धीत संस्थाको प्रचलित नियमानुसार हुनेछ ।

(३) ऋण प्रवाह गर्ने संस्थाले सम्बन्धित स्थानीय तहमा रहेको शाखाबाट समेत यस कार्यविधि बमोजिम ऋण उपलब्ध गराउन सक्नेछ ।

८. <u>व्याजदर एवं शर्त:</u> (१) मन्त्रालयले व्याज अनुदान उपलब्ध गराउने ऋणमा सम्बन्धित ऋण प्रवाह गर्ने संस्थाले ११ प्रतिशत भन्दा वढी नहुने गरि व्याजदर कायम गर्नुपर्नेछ ।

(२) ऋण प्रवाह गर्ने संस्थाबाट ऋणको व्याज भन्दा बाहेक अन्य कुनै पनि प्रकारको थप सेवा शुल्क लिन पाईने छैन ।

९. <u>ऋण प्रवाह गर्ने संस्थाको काम, कर्तव्य र अधिकार:</u> (१) यस कार्यविधि कार्यान्वयनको लागि ऋण प्रवाह गर्ने संस्थाले नेपाल राष्ट्र बैंकले तोकेको निर्देशनलाई कार्यान्वयन गर्नुपर्नेछ ।

(२) ऋणको प्रकार, उद्देश्य, लगानी रकम, जोखिमको स्तर एबं आवश्यकता अनुसार सदुपयोगिता निरिक्षण गरि सोको अभिलेख अद्यावधिक गरि राख्नु पर्नेछ ।

१०. <u>कार्यक्रम मूल्याङ्कन तथा छनौट समिति:</u>(१) दफा ५ को उपदफा (२) बमोजिम दर्ता हुने आवेदनहरुको मूल्याङ्कन तथा छनौटको लागि देहायबमोजिम को समिति रहनेछ ।

| | |
|---|---|
| क) सचिव, मन्त्रालय | संयोजक |
| ख) प्रमुख, कृषि विकास निर्देशनालय | सदस्य |
| ग) निर्देशक, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | सदस्य |
| घ) प्रतिनिधि, कृषि विकास बैंक (प्रदेशस्तरको कार्यालय) | सदस्य |
| ङ) प्रमूख, योजना तथा अनुगमन महाशाखा, मन्त्रालय | सदस्य सचिव |

(२) समितिले प्रस्तावहरुको मूल्याङ्कन गरि छनौट गर्ने र प्राविधिक/व्यवस्थापकीय कार्यहरु गर्नेछ।

(३) समितिले आवश्यकता अनुसार बिषय बिशेषज्ञ, ज्ञान केन्द्र/विज्ञ केन्द्र प्रमुख वा अन्य कर्मचारी बढिमा ३ जनालाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश पोखरा

११. व्याज अनुदान भुक्तानी सम्बन्धि व्यवस्था:(१) दफा ८ को अधीनमा रही ऋण प्रवाह गर्ने संस्थाले निर्धारण गरेको व्याजको पचास प्रतिशतसम्म अनुदान उपलब्ध गराईनेछ।

(२) व्याज अनुदान उपलब्ध गराउँदा उपदफा (१) बमोजिम वा ऋण प्रवाह गर्ने संस्थाले निर्धारण गरेको व्याजदर जुन कम हुन आउछ सोहि बमोजिम मात्र व्याज अनुदान उपलब्ध गराइनेछ ।

(३) उपदफा (२) बमोजिमको व्याज अनुदान कार्यप्रगतिको आधारमा बढीमा ३ किस्तामा ऋण प्रवाह गर्ने सम्बन्धित संस्थाको खातामा मन्त्रालयबाट उपलब्ध गराईने छ ।

(४) यसरी व्याज अनुदान प्राप्त गर्नको लागि आवेदकले पेश गरेको व्यवसायिक योजना बमोजिमको कार्यहरु सम्पन्न गरी मन्त्रालयमा निवेदन दिनुपर्नेछ ।

(५) प्राविधिकको स्थलगत निरीक्षण प्रतिवेदन र ऋण प्रवाह गर्ने संस्थाको तोकिएको अवधिको व्याज रकम खुल्ने प्रमाणको आधारमा उपदफा (२) बमोजिम व्याज अनुदान उपलब्ध गराईनेछ ।

(६) यदि आवेदकले लिएको कृषि ऋणको स्वयंले व्याज भुक्तानी गरेको भएमा सोको सोधभर्ना दिन सकिने छ तर यसरी सोधभर्ना दिंदा ऋण प्रवाह गर्ने संस्था मार्फत भुक्तानी दिईनेछ ।

## परिच्छेद-४
## विविध

१२. व्यवसायको बिमा सम्वन्धी व्यवस्था: (१) यस कार्यविधी बमोजिम ऋण लिने आवेदकले ५ लाख भन्दा बढीको परियोजनाको अनिवार्य बिमा गर्नुपर्नेछ । बिमा सम्बन्धि अन्य व्यवस्था प्रचलित नियमानुसार हुनेछ ।

१३. कार्यसंम्पन्न प्रतिवेदन पठाउनु पर्ने: अनुदानग्राहीले कार्यसम्पन्न प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

१४. अनुगमन तथा मुल्याङ्कन: मन्त्रालय, निर्देशनालय वा सम्बन्धित ज्ञान केन्द्र र विज्ञ केन्द्रबाट नियमित अनुगमन तथा निरीक्षण गर्न सकिनेछ ।

४

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

१५. <u>बाधा अड्काउ फुकाउने:</u> यस कार्यविधिको व्याख्यामा द्विविधा भएमा मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।

१६. <u>प्रचलित कानुन बमोजिम हुने:</u> यस कार्यविधिमा भएको व्यवस्था यसै कार्यविधि बमोजिम र अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

१७. <u>असुल उपर हुने:</u>यस कार्यविधि बमोजिम व्याज अनुदान प्राप्त गर्ने उद्देश्यले झुट्टा विवरण पेश गरेको वा व्याज अनुदान दुरुपयोग गरेको प्रमाणित भएमा प्रचलित कानुन वमोजिम सरकारी बाँकि सरह असुल उपर गरिनेछ।

१८. <u>कार्यविधि संशोधन:</u> यस कार्यविधिमा मन्त्रालयले आवश्यकतानुसार संशोधन गर्न सक्नेछ ।

तर दफा ४ को उपदफा २, दफा ८ र दफा ११ संशोधन गर्नु परेमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनु पर्नेछ

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

अनुसूची-१

(दफा ५ को उपदफा (१) संग सम्बन्धित)

**व्यवसायिक कृषि ऋणमा व्याज अनुदान वितरण कार्यक्रम सम्बन्धि प्रस्ताव आव्हानको सूचना**

**सूचना ।**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशको आ.ब. ........................ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार व्यवसायिक कृषि ऋणमा व्याज अनुदान वितरण कार्यक्रममा सहभागी भई व्यवसायिक कृषि ऋणमा व्याज अनुदान प्राप्त गर्न ईच्छुक गण्डकी प्रदेश भित्रका फार्म, कम्पनी, समूह, सहकारी बाट दरखास्त आव्हान गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिन भित्र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश वा सम्बन्धित जिल्ला स्थित कृषि ज्ञान केन्द्र तथा भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रमा अनुसूची २ बमोजिमका कागजातहरू सहित निवेदन पेश गर्न हुन अनुरोध छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
गण्डकी प्रदेश
पोखरा, कास्की
फोन नं
ईमेल
वेभसाईट

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश पोखरा

अनुसूची-२

(दफा ५ को उपदफा (२) संग सम्बन्धित)

**आवेदन फारम तथा संलग्न गर्नुपर्ने कागजातहरु**

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,

गण्डकी प्रदेश।

मार्फत

श्री..............................................(जुन कार्यालयमा आवेदन पेश गरेको हो सो कार्यालयको नाम लेख्ने)

बिषयःकृषि ऋणमा व्याज अनुदानको लागि प्रस्ताव पेश गरिएको बारे ।

प्रस्तुत बिषयमा तहाँ मन्त्रालयबाट मिति २०..../...../.... गते प्रकासित सूचनाको आधारमा तहाँबाट प्रदान गरिने कृषि ऋणको व्याज अनुदान प्राप्त गर्ने प्रयोजनको लागि तपसिल अनुसारका कागजातहरु यसैसाथ साथ संलग्न राखी निवेदन पेश गर्दछु ।

तपशिलः

१. नेपाली नागरिकताको प्रतिलिपी

२. अनुसुची ३ अनुसारको व्यवसायिक योजना सहितको प्रस्ताव

३. ऋण प्रवाह गर्ने संस्थाबाट आवेदकको माग बमोजिमको कृषि ऋण उपलब्ध गराउने सम्बन्धि व्याजदर खुलेको अनुसुची ५ बमोजिमको प्रतिबद्धता पत्र।

४. फार्म, कम्पनी, समूह, सहकारी संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि, पछिल्लो आर्थिक वर्षको नबीकरण र करचुक्ता प्रमाणपत्र ।

५. कार्यक्रम संचालनका लागि तोकिए बमोजिमको जग्गा एकै ब्लक र सीमा जोडिएको प्रमाणित कागजातहरु ।

६. अन्य प्रमाणपत्रहरू (तालिम अनुभव,शैक्षिक योग्यता, लालपुर्जाको प्रतिलिपि, जग्गा भाडा सम्झौतापत्र)का प्रतिलिपि ।

७. जग्गा करारमा लिई व्यवसाय गरेको अवस्थामा न्युनतम १० बर्ष करार सम्झौताको प्रतिलिपी ।

८. प्रतिनिधि मार्फत प्रस्ताव पेश गर्नुपर्ने भएमा आवेदक संस्थाले जिम्मेवारी तोकिएको व्यक्तिलाई अख्तियारी दिएको पत्र र निजको नागरिकताको प्रतिलिपी ।

९. समूह/सहकारी वा दुईभन्दा बढि स्वामित्वको कम्पनी/फर्मको हकमा विषयसँग सम्बन्धित निर्णयको प्रतिलिपि ।

१०. यस प्रकृतिको सुविधा अन्य निकायबाट प्राप्त नगरेको र दोहोरो सुविधा नलिने/नलिएको आवेदकको स्वघोषणापत्र ।

निवेदकको

नामः .................................

दस्तखतः .............................

ठेगानाः ...............................

फोन नं. .........................

संस्थाको छापः .......................

भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय प्रदेश सरकार गण्डकी प्रदेश पोखरा

अनुसुची – ३

दफा (५)को उपदफा (२) संग सम्बन्धित

संक्षिप्त व्यवसायिक कार्य योजना

१. व्यवसायिक फार्म/कम्पनी/संस्था/समूह/सहकारीको नाम:

२. ठेगाना: गाँउ/टोल: वडा नं. पालिका: जिल्ला:

३. व्यवसाय संचालन गरिने स्थान:

४. कार्यक्रम संचालन हुने क्षेत्रफल/आकार:

५. परियोजनाको पृष्ठभूमि:

६. परियोजनाको उद्देश्य:

७. व्यवसायिक योजना:

- उत्पादन योजना: के कति उत्पादन हुन्छ उल्लेख गर्ने
- बजार योजना: कहाँ लगेर कसरी बेचबिखन गर्ने हो उल्लेख गर्ने
- संगठन तथा व्यवस्थापन योजना: कति कामदार कर्मचारी योजना रेखदेख सुरक्षा व्यवस्था
- वित्तिय योजना: लगानीको श्रोत के कसरी जुटाउने र के कति नाफा नोक्सान हुन्छ उल्लेख गर्ने

८. अपेक्षित प्रतिफल: योजनाबाट के प्राप्त हुन्छ उल्लेख गर्ने ।

९. लागत बजेट (टेवल बनाएर पेश गर्ने) यसमा कति समयमा लगानी उठाउने र कति समयको लागि व्याज अनुदान माग गरेको हो सो समेत उल्लेख गर्ने ।

१०. योजनाको दिगोपना(पछि सम्म योजना निरन्तरता दिने सुनिश्चितता)

११. नविन सोच केहि भए उल्लेख गर्नुहोस: नयाँ विशेष केही हुने भए उल्लेख गर्ने

१२. प्रस्तावक संस्थाले व्यवसायिक योजनामा सम्पर्क व्यक्तिको नाम थर, ठेगाना, मिति उल्लेख गरि दस्तखत गर्नुपर्नेछ ।

नोट: यसलाई आधार बनाएर थप/घट गरि प्रस्ताव राख्न सकिने छ । साथै प्रस्ताव नेपाली वा अंग्रेजी भाषामा राख्न सकिने छ ।

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश पोखरा

अनुसुची-४

दफा (६) को उपदफा (१) सँग सम्बन्धित

कृषि ऋणमा व्याज अनुदानको लागि प्रस्तावको मुल्याङ्कन मापदण्ड

१. व्यवसायको लागि भौगोलिक तथा वातावरणीय र भौतिक पूर्वाधारको उपयुक्तता (१० अंक)

२. आवेदकको आफ्नो जग्गा वा सेयरवालाको स्वामित्वमा वा करार गरी लिएको योजनाको लागि यथेष्ट जग्गा भएको खण्डमा (१० अंक), र जति जग्गा कम हुन्छ सोही अनुपातमा कम अंक

३. प्राविधिक ज्ञान, अनुभव र दक्षता वापत (१० अंक)

४. व्यवसायिक योजनाको संरचना बापत (कुल १५ अंक)

४.१ उत्पादन योजना वापत (३)

४.२ बजार योजना बापत (३)

४.३ संगठन तथा व्यवस्थापन योजना बापत (३)

४.४ वित्तिय योजना वापत (३)

४.५ दिगोपना वापत (३)

५. नविनतम सोच वापत (५) यसमा मूल्यांकन समितिले नवीन सोंच भनी पुष्टी गरी अंक प्रदान गर्न सक्नेछ ।

पुर्णाङ्क जम्मा: ५०

अनुसूची-५

दफा ५ को उपदफा (३) सँग सम्बन्धित

**ऋण प्रवाह गर्ने संस्थाले पेश गर्ने पत्रको नमूना**

मितिः ...........

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
गण्डकी प्रदेश।

बिषयः कृषि ऋणको लागि उपलब्ध गराउन सक्ने ब्याजदरको विवरण सम्बन्धमा ।

प्रस्तुत बिषयमा तहाँ मन्त्रालयबाट मिति २०..../...../.... गते प्रकासित सूचनाको आधारमा तहाँबाट प्रदान गरिने कृषि ऋणमा व्याज अनुदान कार्यक्रम संचालन गर्ने सम्बन्धमा यस संस्थाले प्रदान गर्ने कृषि ऋणमा प्रचलित नियमानुसार तपशिल बमोजिमको व्याजदरमा प्रदान गर्न सकिने व्योहोरा अनुरोध छ ।

ऋण प्रवाह गर्ने संस्था
नामः
ठेगानाः
छापः

तपशिलः
(कृषि ऋणको लागि व्याजदर लगायतको सम्पुर्ण विवरण उल्लेख गर्ने)
.........................................

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

अनुसुची-६

दफा (६) को उपदफा (३) संग सम्बन्धित

**सम्झौता- पत्र**

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश (यसपछी प्रथम पक्ष भनिने) र ................... जिल्ला, ......................गा.पा./न.पा., वडा नं. .............को ...........मा संचालनमा रहेको ...............................................फार्म/कम्पनी/समूह/सहकारीका ................(पद) श्री ..................................(नाम) (यस पछी दोश्रो पक्ष भनिने) बीच साझेदारी/ सहकार्यमा आ.व. ...................को बार्षिक स्वीकृत कार्यक्रम अन्तरगत कृषि ऋणमा व्याज अनुदान कार्यक्रम संचालन गर्न तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही यो सम्झौता-पत्रमा हस्ताक्षर गरि लियौं/दियौं ।

तपशिलः

१. सम्झौता भएको मिति देखि यस सम्झौता प्रारम्भ भएको मानिनेछ। तर कृषि ऋणको व्याज अनुदान रकम ऋण स्विकृत भएको मिति वाट भुक्तान गरिनेछ ।

२. दोश्रो पक्षले कार्ययोजना अनुरुपको कार्यहरु सम्झौता भएको मितिले ........ दिन भित्र शुरु गर्नुपर्नेछ।

३. प्रथम पक्षले दोश्रो पक्षलाई कार्यप्रगतिको आधारमा व्याज अनुदानको रकम बढीमा ३ किस्तामा ऋण प्रवाह गर्ने सम्बन्धित संस्थाको खातामा उपलब्ध गराउने छ ।व्याज अनुदानको रकम वढीमा रु. .......... हुनेछ ।

४. किस्ता भुक्तानी गर्दा सम्बन्धित प्राविधिकको मूल्याङ्कन तथा स्थलगत अनुगमन सहितको सिफारिसको आधारमा रकम भुक्तानी गरिनेछ। दोश्रो पक्षले कार्य गर्दा प्राविधिकको निर्देशन अनुसार कार्य गर्नुपर्नेछ।

५. सोधभर्ना दिनुपर्ने भएमा वा अन्तिम किस्ता भुक्तानी गर्ने सम्बन्धमा प्राविधिकले कार्य सम्पन्न मूल्याङ्कन गरी अन्तिम बिल सहितको कार्य सम्पन्न प्रतिवेदन तयार गरी दोश्रो पक्षले प्रथम पक्षसँग अनुरोध गर्नुपर्नेछ। प्रथम पक्षबाट रीत पूर्वकको सम्पूर्ण प्रतिवेदन प्राप्त भएपछि भुक्तानीको आवश्यक व्यवस्था मिलाईनेछ।

६. व्याज अनुदान रकम माग गर्दा सम्वन्धित ऋण प्रवाह गर्ने संस्थाको तोकिएको अवधिको व्याज रकम खुल्ने प्रमाण पेश गर्नु पर्नेछ ।

७. सम्झौता लागु हुने मिति/अवधि

८.भुक्तानी अवस्था

भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय प्रदेश सरकार गण्डकी प्रदेश पोखरा

| प्रथम पक्ष | दोस्रो पक्ष (अनुदानग्राहि) |
|---|---|
| हस्ताक्षर<br><br>नामः<br>पदः<br>संस्थाको छाप | हस्ताक्षर<br><br>नामः<br>पदः<br>फोन नं.<br>संस्थाको छाप |
| साक्षी<br>हस्ताक्षरः<br>नामः<br>पदः | साक्षी<br>हस्ताक्षरः<br>नामः<br>पदः |

अनुसुची-७

दफा (४) को उपदफा (२) संग सम्बन्धित

## कृषि ऋणको लागि व्याज अनुदान उपलब्ध हुने व्यवसायहरु

१) तरकारी उत्पादन, प्रशोधन, भण्डारण तथा विक्रि वितरण
२) बीउ बिजन उत्पादन, प्रशोधन, भण्डारण तथा विक्रि वितरण
३) पुष्प व्यवसाय तथा बागबानी
४) पशुपन्छीपालन,
५) अष्ट्रिच, टर्की र हाँसपालन, सो को मासु एंव अण्डाको भण्डारण, प्रशोधन तथा विक्रि वितरण,
६) फलफूल उत्पादन, उत्पादित फलफूलको प्रशोधन, भण्डारण र बिक्रि वितरण,
७) दुग्ध उत्पादन, प्रशोधन र बिक्रि वितरण
८) मत्स्यपालन, उत्पादित माछाको भण्डारण तथा विक्री वितरण
९) च्याउ उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्रि वितरण
१०) पशुवधशाला, मासुजन्य उत्पादन, सो को भण्डारण, प्रशोधन तथा बिक्रि वितरण,
११) आलु खेती, खाद्यान्न बालीउत्पादन, प्रशोधन, भण्डारण तथा विक्रि वितरण
१२) उखु, कफि,चिया,अलैची, अदुवा, बेसार,जैतुन, सूर्यमुखी खेती तथा यिनिहरुको भण्डारण, प्रशोधन र बिक्रि वितरण,
१३) मौरी पालन व्यवसाय,
१४) जौ, फापर, सितामको उत्पादन, प्रशोधन र विक्रि वितरण,
१५) प्राङगरिक तथा जैविक मल, जैविक विषादि,
१६) पशुपन्छीजन्य उद्योग,
१७) कपास,ऊन,रेसम खेती/उत्पादन प्रशोधन र बिक्रि वितरण,
१८) भेडा, च्याङ्ग्रा र चौरी लगायतबाट ऊनको उत्पादन,प्रशोधन र बिक्रि वितरण,
१९) कृषि वन प्रणालीमा समाविष्ट व्यवसायहरु
२०) मन्त्रालयले समय समयमा थप गरेका अन्य कृषि तथा पशुपन्छीजन्य व्यवसायहरु ।

प्रदेश सरकार भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश पोखरा